नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय


# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ३.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ७.१ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १८.८ प्रतिशत र संकुचित मुद्रा प्रदाय २२.४ प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २ अर्ब ७७ करोड (०.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १६ अर्ब ९ करोड (३.४ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदरमा उल्लेख्य कमी आउनुका साथै आयात समेत बढेकोले खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएको हो ।

### कुल आन्तरिक कर्जा


3. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा कुल आन्तरिक कर्जा १.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.२ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ साउन मसान्तमा यस्तो कर्जा १४.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकारतर्फको खुद दावी घट्न गएकोले कुल आन्तरिक कर्जा घटेको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ०.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.१ प्रतिशतले बढेको थियो ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा ४.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ३.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकमा सरकारको नगद मौज्दात उल्लेख्य रुपले वृद्धि भएकोले सञ्चित मुद्रा घटेको हो । वार्षिक विन्दुगत आधारमा भने २०७१ साउन मसान्तमा उक्त मुद्रा २२.० प्रतिशतले वृद्धि भएको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ०.६ प्रतिशत (रु. ७ अर्ब ८७ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ०.५ प्रतिशत (रु. ५ अर्ब ४९ करोड) ले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १८.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा वाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप परिचालन क्रमशः ०.१ प्रतिशत र २.३ प्रतिशतले घटेको छ भने वित्त कम्पनीहरुको निक्षेप परिचालन १.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.६ प्रतिशतले घटेको थियो भने विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ०.९ प्रतिशत र १.४ प्रतिशतले बढेको थियो ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ०.९ प्रतिशत (रु. १२ अर्ब २ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी सीमान्त रुपले अर्थात् रु. ४८ करोडले घटेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १.५ प्रतिशत र २.० प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा तथा लगानी १.३ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.३ प्रतिशत (रु. ३ अर्ब ५० करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.२ प्रतिशत (रु. २ अर्ब २४ करोड) ले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १९.४ प्रतिशतले वृद्धि भएको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः १.१ प्रतिशत र १.६ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा प्रवाह ४.५ प्रतिशतले घटेको छ ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ५५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ३२ करोडले मात्र बढेको थियो । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ८२ करोडले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको रु. ६८ करोडले र थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २ अर्ब ९२ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. १ अर्ब १८ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ११ करोडले बढेको थियो भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १ अर्ब ९९ करोडले घटेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ७ करोडले घटेको तुलनामा समीक्षा अवधिमा रु. ३५ करोडले घटेको छ ।

### तरलता व्यवस्थापन

8. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २७ करोड ५६ लाख खुद खरिद गरी रु. २६ अर्ब ७९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १८ करोड १८ लाख खुद खरिद गरी रु. १७ अर्ब ७३ करोडको खुद तरलता प्रवाह भएको थियो ।

9. समीक्षा अवधिमा अमेरिकी डलर २० करोड बिक्री गरी रु. १९ अर्ब ३९ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३२ करोड बिक्री गरी रु. ३० अर्ब ८७ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

10. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा वाणिज्य बैंकहरुले रु. ४ अर्ब १८ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. १३ अर्ब ११ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. १० अर्ब ८२ करोड र रु. ११ अर्ब ८९ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।


### ब्याजदर

11. २०७० साउनको तुलनामा २०७१ साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा कमी आएको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २०७० साउन महिनामा ०.२५ प्रतिशत रहेकोमा २०७१ साउन महिनामा ०.००४४ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० साउनमा ०.३० प्रतिशत रहेकोमा २०७१ साउनमा ०.१५ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० साउनमा ४.२७ प्रतिशत रहेकोमा २०७१ साउनमा २.५० प्रतिशत रहेको छ ।

12. ब्याजदर अन्तर गणना गर्ने संशोधित विधि अनुसार २०७१ साउन महिनामा वाणिज्य बैंकहरुको भारित औसत ब्याजदर अन्तर ४.८२ प्रतिशत रहेको छ । अघिल्लो महिना यस्तो ब्याजदर अन्तर ५.२१ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याज दर २०७० साउनको ९.६३ प्रतिशतको तुलनामा २०७१ साउन महिनामा ७.६८ प्रतिशत कायम हुन आएको छ ।

## धितोपत्र बजार


13. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ९२.८ प्रतिशतले वृद्धि भई २०७१ साउन मसान्तमा १०३४.४ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ३४.७ प्रतिशतले वृद्धि भई २०७० साउन मसान्तमा ५३६.५ विन्दु कायम भएको थियो ।




14. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ९७.६ प्रतिशतले वृद्धि भई २०७१ साउन

मसान्तमा रु. १०५६ अर्ब १३ करोड कायम भएको छ । २०७१ साउन मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५४.८ प्रतिशत रहेको छ । २०७० साउन मसान्तमा यस्तो अनुपात ३१.६ प्रतिशत रहेको थियो ।

15. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०७१ साउन मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ७८.२ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.० प्रतिशत, होटलहरुको २.५ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ८.१ प्रतिशत र अन्यको ९.१ प्रतिशत रहेको छ ।




16. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको संख्या २०७० साउन मसान्तसम्ममा २२६ रहेकोमा २०७१ साउन मसान्तसम्ममा २३४ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये २०१ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ५ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १६.७ प्रतिशतले बढी २०७१ साउन मसान्तमा रु. १४७ अर्ब ८० करोड पुगेको छ । चालू आर्थिक वर्षको पहिलो महिनामा रु. २ करोड बरावरको साधारण शेयर रु. १४ करोड १२ लाख बराबरको हकप्रद शेयर, रु. १ अर्ब ६ करोड ५ लाख बराबरको बोनस शेयर गरी कुल रु. १ अर्ब २२ करोड १६ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

18. आर्थिक वर्ष २०७१/७२ को साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर १०.६ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ५.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः ८.९ प्रतिशत र ७.० प्रतिशतले वृद्धि भएको थियो ।




19. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये फलफूल उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २४.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ६.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ९.९ प्रतिशत र


९.६ प्रतिशतले वृद्धि भएको सुर्तीजन्य पदार्थ उप-समूह र मदिराजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २३.५ प्रतिशत र १९.४ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी उप-समूह र दुग्ध पदार्थ तथा अण्डा उप-समूहको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १३.९ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ४.२ प्रतिशत र ५.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा १.६ प्रतिशतले घटेको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क भने समीक्षा अवधिमा ०.६ प्रतिशतले घटेको छ ।

20. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.८ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा अन्य वस्तु तथा सेवा उप-समूहको मूल्य सूचकाङ्कमा ७.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ७.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा शिक्षा उप-समूह र फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ५.५ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ७.८ प्रतिशत र १०.८ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा मनोरञ्जन तथा संस्कृति उप-समूहको मूल्य सूचकाङ्कमा ५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ५.९ प्रतिशतले वृद्धि भएको थियो ।

21. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी काठमाण्डौ उपत्यकामा ७.८ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने तराईमा ७.७ प्रतिशत र पहाडमा ६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता मूल्य सूचकाङ्कहरुको वृद्धिदर काठमाडौं उपत्यकामा ८.० प्रतिशत, तराईमा ८.३ प्रतिशत र पहाडमा ७.१ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

22. आर्थिक वर्ष २०७१/७२ को साउन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ७.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.३ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ८.२ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ५.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ७.८ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क २.४ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ४.५ प्रतिशत रहेको थियो ।




## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

23. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ९.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १९.५ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ११.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो

वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा १३.६ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ८.२ प्रतिशतले वृद्धि भएको थियो ।

24. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र शिक्षा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ४८.६ प्रतिशत, ३४.८ प्रतिशत र २६.७ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, कृषि मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २०.८ प्रतिशत, ५.९ प्रतिशत र १६.४ प्रतिशतले वृद्धि भएको छ ।


## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

25. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. २८ अर्ब २६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. २२ अर्ब १३ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।


### सरकारी खर्च

26. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ८६.२ प्रतिशतले कमी आई रु. ९१ करोड मात्र भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ५५.७ प्रतिशतले घटी रु. ६ अर्ब ६१ करोड भएको थियो ।




### सरकारी राजस्व

27. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन ८.४ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २८.९ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ६८ करोड पुगेको थियो ।




### वैदेशिक नगद ऋण र अनुदान

28. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत रु. ७० लाख र वैदेशिक नगद अनुदानवापत रु. १ अर्ब ३१ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ६० करोड ८७ लाख र रु. २ अर्ब ९२ करोड प्राप्त भएको थियो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ मध्ये ४२ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैंक अफ काठमाडौंको १/१ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार

29. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा कुल वस्तु निर्यात ११.५ प्रतिशतले ह्रास आई रु. ६ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ५.४ प्रतिशतले बढी रु. ७ अर्ब ५९ करोड रहेको थियो ।




30. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको पहिलो महिनाको १५.१ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा १५.४ प्रतिशतले ह्रास आएको छ । जिङ्क शिट, अलैंची, लत्ताकपडा र कपर वायर रड लगायतका वस्तुहरुको निर्यात घटेको कारण भारततर्फको निर्यातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा ऋणात्मक रहन गएको हो । चीनतर्फको निर्यात अघिल्लो वर्षको पहिलो महिनामा ८.३ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ५६.७ प्रतिशतको उच्च दरले ह्रास आएको छ । चीनतर्फ जडीवुटी, एल्मुनियम, कपर र ब्रासका भाडाकुँडा, पश्मिना र अगरवत्ति लगायतका वस्तुहरुको निर्यात घटेको कारण त्यसतर्फको निर्यात ऋणात्मक हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ७.७ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ०.८ प्रतिशतको सीमान्त दरले घटेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको पहिलो महिनामा १४.९ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.४ प्रतिशतले घटी अमेरिकी डलर २ करोड ६७ लाख पुगेको छ ।

31. समीक्षा अवधिमा कुल वस्तु आयात १२.५ प्रतिशतले बढेर रु. ५८ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.४ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ८८ करोड रहेको थियो । भारत र चीनबाट भएको आयात उच्चदरले बढेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा बढ्न गएको हो ।

32. कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा १६.८ प्रतिशत बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि भारतबाट भएको आयात सोही दरमा बढेको थियो । त्यसैगरी, चीनबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनाको २५.६ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा २३.९ प्रतिशतले बढेको छ । अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनाको १५.१ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा २.७ प्रतिशतले ह्रास भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको पहिलो महिनामा ६.१ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा ३.३ प्रतिशले ह्रास भई अमेरिकी डलर १३ करोड ४२ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, चामल, सवारी साधन तथा पाटपूर्जा र सिमेन्ट लगायतको आयात बढेको कारण भारततर्फको अयात उच्च दरले बढेको हो । चीनबाट मुख्यतयाः दूरसञ्चारका उपकरण तथा पाटपूर्जा, भिडियो टेलिभिजन र पाटपूर्जा, रासायनिक मल र पोलिष्टर धागो लगायतका वस्तुहरुको आयात बढेको कारण त्यसतर्फको आयात उच्चदरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी सञ्चार उपकरण तथा पाटपूर्जा, चाँदी, भिडियो टेलिभिजन तथा पाटपूर्जा र रासायनिक मल लगायतको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो ।

33. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा कुल वस्तु व्यापार घाटा १६.६ प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ११.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटामध्ये भारत र चीनसँगको व्यापार घाटा क्रमशः

२२.२ र २७.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा १७.१ प्रतिशतले बढेको भएता पनि चीनसँगको यस्तो घाटा २६.२ प्रतिशतले घटेको थियो । त्यस्तै, अघिल्लो वर्षको पहिलो महिनामा २२.५ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३.२ प्रतिशतले घटेको छ ।

34. आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा वर्षको पहिलो महिनामा निर्यात-आयात अनुपात ११.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १४.६ प्रतिशत रहेको थियो ।


## शोधनान्तर स्थिति

35. आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. २ अर्ब ७७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १६ अर्ब ९ करोडले शोधनान्तर बचतमा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. १ अर्ब १ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ७ अर्ब ४६ करोड बचतमा रहेको थियो । खासगरी वस्तु आयातमा भएको उल्लेख्य वृद्धि तथा विप्रेषणको सीमान्त वृद्धिका कारण चालू खाता बचत अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा न्युन रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत २ करोड ८६ लाख डलर र चालू खाता बचत १ करोड ४ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत १६ करोड ७० लाख डलर र चालू खाता बचत ७ करोड ७५ लाख डलर रहेको थियो ।

36. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको पहिलो महिनामा १२.७ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १५.८ प्रतिशतले बढी रु. ४९ अर्ब ५३ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा आय ६४.१ प्रतिशतले बढी रु. १ अर्ब ९६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ८९.७ प्रतिशतले बढी रु. १ अर्ब १९ करोड बचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको २७.६ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा २.० प्रतिशतले ह्रास आई रु. ४७ अर्ब ४ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको २३.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ०.८ प्रतिशतको सीमान्त दरले वृद्धि भई रु. ४२ अर्ब १९ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको १४.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ०.१ प्रतिशतको सीमान्त दरले वृद्धि भई ४३ करोड ४९ लाख डलर पुगेको छ ।

## विदेशी विनिमय सञ्चिति

37. २०७१ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७१ असार मसान्तको रु. ६६५ अर्ब ४१ करोडको तुलनामा १.३ प्रतिशतले वृद्धि भई रु. ६७३ अर्ब ८० करोड पुगेको छ । २०७० साउन मसान्तमा यस्तो सञ्चिति २०७० असार मसान्तको तुलनामा ४.२ प्रतिशतले बढेर रु. ५५५ अर्ब ८८ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७१ असार मसान्तको रु. ५७२ अर्ब ४० करोडको तुलनामा २०७१ साउन मसान्तमा १.२ प्रतिशतले वृद्धि भई रु. ५७९ अर्ब ३८ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७१ असारदेखि २०७१ साउन मसान्तसम्ममा ०.२ प्रतिशतको सीमान्त दरले वृद्धि भई अमेरिकी डलर ६ अर्ब ९५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.१ प्रतिशतले बढेको थियो । त्यसैगरी, आर्थिक वर्ष



२०७१/७२ को पहिलो महिनामा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ३.६ प्रतिशतले ह्रास आई भा.रु. ९१ अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ७.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७१/७२ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.८ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

38. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७० साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर १११.५८ रहेकोमा २०७१ साउन मसान्तमा ९.४ प्रतिशतले ह्रास आई प्रति व्यारल अमेरिकी डलर १०१.१३ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०७० साउन मसान्तको १३२९.७५ अमेरिकी डलर प्रति आउन्सको तुलनामा २०७१ साउन मसान्तमा २.५ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १२९६.० कायम रहेको छ ।

39. २०७१ असार मसान्तको तुलनामा २०७१ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.१ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.० प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९६.९२ पुगेको छ । २०७१ असार मसान्तमा उक्त विनिमय दर रु. ९५.९० रहेको थियो ।